वर्ष ५, अङ्क ४, २०८२ चैत्र (March-April 2026)

नेपाल बीमा प्राधिकरणको त्रैमासिक प्रकाशन

बीमा समाचार

# बीमा कसुर सम्बन्धी मुद्दाको कारवाही र किनारा जिल्ला अदालतहरुबाट हुने

नेपाल सरकारले बीमा कसुर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्न देशका ७७ वटै जिल्ला अदालतलाई तोक्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को यही २०८२ साल फागुन १३ गते बसेको बैठकले बीमा बीमा ऐन, २०७९ को दफा १४० बमोजिमको कसुर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्न देशका ७७ वटै जिल्ला अदालतलाई तोक्ने निर्णय गरेको हो ।

बीमा ऐन, २०७९ को दफा १४० मा इजाजतपत्र नलिई बीमा व्यवसाय, बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकको रूपमा काम गरेमा कसुर गरेको मानिने प्रावधान रहेको छ ।

यसैगरी, कुनै बीमकले बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायक वा अन्य पक्षसँग मिली वा नमिली बीमा सम्बन्धी कुनै जालसाजी कीर्ते गरी वा गलत विवरण वा कागजात तयार गरी वा नगरी बीमा दाबी भुक्तानी गरेमा र कुनै बीमितले बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायक वा अन्य पक्षसँग मिली वा नमिली बीमा सम्बन्धी कुनै जालसाजी कीर्ते गरी वा गलत विवरण वा कागजात पेश गरी वा नगरी बीमा दाबी भुक्तानी प्राप्त गरेमा बीमा ऐन बमोजिम कसुर गरेको मानिनेछ । यस्तै, कुनै बीमा सर्भेयरले क्षतिको मूल्याङ्कन गर्दा स्वार्थवस वा बदनियतपूर्ण तरिकाले बढी, कम वा गलत मूल्याङ्कन गरी बीमक वा बीमितलाई हानी नोक्सानी पुऱ्याउने कार्य गरेका, बीमालेख बमोजिम बीमितले बीमकलाई बुझाउनुपर्ने बीमाशुल्क कुनै बीमा अभिकर्ताले बदनियतपूर्वक बीमकलाई नबुझाई उक्त रकमको अपचलन गरेमा बीमा कसुर गरेको मानिने व्यवस्था बीमा ऐनमा रहेको छ ।

बीमकका कर्मचारी, पदाधिकारी वा अन्य कसैले बीमालेख जारी गर्दा, बीमा गरिएको सम्पत्ति तथा दायित्वको क्षति मूल्याङ्कन गर्दा, बीमा दाबी भुक्तानी गर्दा वा बीमा व्यवसाय सञ्चालनका क्रममा कुनै अनियमितता गरेमा वा आर्थिक दुरूपयोग गरेमा, बीमक गाभ्दा वा गाभिँदा, प्राप्ति गर्दा, खारेज गर्दा वा लेखापरीक्षण गर्दा कुनै सञ्चालक, पदाधिकारी, कार्यकारी प्रमुख, कर्मचारी तथा अन्य व्यक्तिले अनियमितता गरेमा र कसुर गर्न कुनै किसिमले मद्दत पुऱ्याएमा बीमा ऐन बमोजिम कसुर गरेको मानिनेछ ।

विदेशी बीमकका कुनै पदाधिकारी वा कर्मचारीले शाखा कार्यालयको नियमित कारोबारको सिलसिलामा बाहेक नेपाल बीमा प्राधिकरणको स्वीकृति नलिई वा झुठ्ठा विवरण पेश गरी स्वीकृति लिई त्यस्तो शाखा कार्यालयको कुनै सम्पत्ति अर्को मुलुकमा स्थानान्तरण गरेमा, त्यस्तो गर्न अख्तियारी दिएमा वा सो कार्यलाई मद्दत गर्ने वा पुग्ने कुनै कार्य गरेमा कसुर गरेको मानिने प्रावधान बीमा ऐनमा रहेको छ ।

संरक्षक

श्री चन्द्रकला पौडेल, अध्यक्ष

सल्लाहकार एवम् संयोजक

श्री सुशीलदेव सुवेदी, कार्यकारी निर्देशक

सम्पादन समूह

श्री पुजन ढुङ्गेल (अधिकारी), निर्देशक
श्री कुन्दन सापकोटा, निर्देशक
श्री पुष्पा कुँवर, उपनिर्देशक
श्री गोविन्द चिमौरिया, प्रेस सल्लाहकार

प्रकाशक

नेपाल बीमा प्राधिकरण
कुपण्डोल, ललितपुर ।
फोन: ०१-५४२१०७९, ५४३८७४३, ५४२८६०४
Email:info@nia.gov.np, Web: www.nia.gov.np

## शपथ ग्रहण

नेपाल बीमा प्राधिकरणका अध्यक्ष चन्द्रकला पौडेलले नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको संचालक समितिका अध्यक्ष अमृत लम्साललाई यही २०८२ साल माघ २९ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा पद तथा गोपनीयताको शपथ गराउनुभएको छ ।

नेपाल सरकारले भन्सार विभागका उपमहानिर्देशक रहनुभएका लम्साललाई अर्को व्यवस्था नभएसम्मका लागि नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको संचालक समितिको अध्यक्ष तोकेको हो ।



त्यस अवसरमा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदी र नेपाल पुनर्बीमा कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत लगायत पदाधिकारीहरू उपस्थित हुनुहुन्थ्यो ।

## संचालक समिति सदस्य नियुक्त

नेपाल बीमा प्राधिकरणको संचालक समिति सदस्यमा अर्थ मन्त्रालयबाट सहसचिव डा. सुमन दाहाल नियुक्त हुनु भएको छ ।



मिति २०८२ साल माघ १९ गतेको मन्त्रीस्तरीय निर्णयबाट सहसचिव डा दाहाल प्राधिकरणको संचालक समिति सदस्य नियुक्त हुनुभएको हो ।

बीमा ऐनको दफा ६ मा प्राधिकरणको संचालक समितिमा अर्थ मन्त्रालयका सहसचिव र कानून मन्त्रालयका सहसचिव सहित पाँच सदस्य रहने व्यवस्था रहेको छ ।

## प्राधिकरणको प्रवक्तामा निर्देशक ढुङ्गेल

नेपाल बीमा प्राधिकरणको प्रवक्तामा निर्देशक पूजन ढुङ्गेल अधिकारी तोकिनुभएको छ ।

प्राधिकरणको अनुसन्धान महाशाखाको प्रमुखको जिम्मेवारी सम्हाल्दै आउनुभएका निर्देशक ढुङ्गेललाई प्राधिकरणको यही फागुन ५ गतेको निर्णय अनुसार प्रवक्ताको जिम्मेवारी समेत तोकिएको हो ।

सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४ मा व्यवस्था भए बमोजिम निर्देशक ढुङ्गेललाई प्राधिकरणको प्रवक्ताको जिम्मेवारी तोकिएको निर्देशक कुन्दन सापकोटाले जानकारी दिनुभएको छ ।



# ट्रान्सपरेन्सी ड्यासबोर्ड सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरणले बीमा सम्बन्धी आवश्यक सबै आधारभूत जानकारीहरू डिजिटल रूपमा एकै ठाउँबाट प्रवाह गर्नका लागि बीमा क्षेत्रमा ट्रान्सपरेन्सी ड्यासबोर्ड (Transparency Dashboard) कार्यान्वयनमा ल्याउने भएको छ ।

बीमा कम्पनीको वित्तीय तथा संचालन अवस्था, बीमालेख, दाबी फछ्र्यौट, उजूरी व्यवस्थापन लगायत समग्र विषयमा सम्बन्धित बीमा कम्पनीको वेभसाइटमा रहने ट्रान्सपरेन्सी ड्यासबोर्डबाट सहज रूपमा जानकारी उपलब्ध होस् भन्ने उद्देश्यले ट्रान्सपरेन्सी ड्यासबोर्ड कार्यान्वयनमा ल्याउन लागिएको हो ।

त्यसक्रममा प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा यही २०८२ साल फागुन २९ गते बीमा कम्पनीकाहरूबाट ट्रान्सपरेन्सी ड्यासबोर्ड सम्बन्धमा सुझावहरू लिने उद्देश्यले अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले बीमा क्षेत्रमा डिजिटल प्रणालीलाई परिस्कृत रूपमा विस्तार गर्दै जानेक्रममा प्राधिकरणले आन्तरिक कार्यमा डिजिटल प्रणाली लागू गरिसकेको जानकारी दिनुहुँदै अब बीमा कम्पनीहरूले पनि प्राधिकरणसँग पत्राचार गर्दा डिजिटल रूपमा गर्नुपर्ने व्यवस्था गरिने बताउनुभयो । कार्यकारी निर्देशक सुवेदीले बीमाका बारेमा नागरिकले जान्न चाहेका समग्र विषयहरू सहजरूपमा एकै स्थानबाट उपलब्ध होस् भनेर ट्रान्सपरेन्सी ड्यासबोर्ड कार्यान्वयनमा ल्याउन लागेको उल्लेख गर्नुहुँदै यस सम्बन्धमा आवश्यक सुझावहरू दिन बीमा कम्पनीहरूलाई आग्रह गर्नुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक पूजन ढुङ्गेल अधिकारीले प्राधिकरणको वार्षिक नीतिमा व्यवस्था भए बमोजिम बीमा क्षेत्रलाई अझै पारदर्शी, जवाफदेही, अनुशासित र विश्वसनीय बताउने उद्देश्यले ट्रान्सपरेन्सी ड्यासबोर्ड कार्यान्वयनमा ल्याउन लागिएको स्पष्ट गर्नुभयो ।

नेपाल बीमा प्राधिकरणका उपनिर्देशक प्रमुख पुष्पा कुँवरले ट्रान्सपरेन्सी ड्यासबोर्ड सम्बन्धी प्रस्तुति गर्नुहुँदै ट्रान्सपरेन्सी ड्यासबोर्डको कार्यान्वयनबाट बीमा सम्बन्धी तथ्याङ्कसहित आधारभूत जानकारीहरू एकरूपताका साथ एकै स्थानबाट प्राप्त हुने बताउनुभयो ।

कार्यक्रममा जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी, लघुबीमा कम्पनी र पुनर्बीमा कम्पनीका सूचना प्रविधि शाखाका प्रमुखहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक सुन्दर प्रसाद शर्माले गर्नुभएको थियो ।



# NFRS Guidelines सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८२ साल फागुन १४ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा नेपाल वित्तीय प्रतिवेदन मापदण्ड मार्गदर्शन (NFRS Guidelines) सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले बीमा क्षेत्रमा चालू आर्थिक वर्षदेखि NFRS-17 लागू भएकोले NFRS-17 बमोजिम वित्तीय प्रतिवेदन बनाउन बीमा कम्पनीहरूलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा सहभागीहरूले NFRS Guidelines सरल एवम् सहज हुनुपर्ने, NFRS Guidelines तयारीको कार्यमा एक्चुरीहरूलाई पनि संलग्न गराउनुपर्ने लगायतका राय सुझावहरू दिनुभएको थियो ।

कार्यक्रममा बीमा कम्पनी, लघुबीमा कम्पनी र पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत, प्रमुख वित्तीय अधिकृत र एक्चुरीहरूको सहभागिता रहेको थियो ।

# goAML Reporting तथा TFS Reporting सम्बन्धी अन्तरक्रिया



goAML Reporting तथा TFS Reporting सम्बन्धी अभिमुखीकरण कार्यक्रममा सहभाभागीहरू ।

नेपाल बीमा प्राधिकरण, AML/CFT शाखाको आयोजनामा यही २०८२ साल फागुन १५ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा goAML Reporting तथा TFS Reporting सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

बीमा कम्पनीका कार्यान्वयन अधिकारी तथा सूचना प्रविधि शाखा प्रमुखहरूलाई goAML प्रणालीमार्फत STR/TTR सम्बन्धी प्रतिवेदनलाई गुणस्तरीय रूपमा तयार गरी पेश गर्ने विषयमा विस्तृत रूपमा जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा वित्तीय जानकारी इकाई (FIU) का प्रमुख वासुदेव भट्टराईले goAML Reporting सम्बन्धमा बीमा क्षेत्रको आवश्यकता, वर्तमान अवस्था, विद्यमान चुनौती र यस सम्बन्धी समसामयिक विषयवस्तुहरूका बारेमा प्रस्तुति गर्नुभएको थियो ।

उहाँले रिपोर्टिङको प्रभावकारिता वृद्धि गर्नका लागि आवश्यक सुधारका पक्षहरूमा बीमकहरूले विशेष ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

FIU का सहायक निर्देशक कमल पौडेलले STR, SAR तथा TTR Reporting सम्बन्धी व्यावहारिक तथा प्राविधिक पक्षहरूबारे सहजीकरण गर्दै प्रतिवेदन तयारी गर्दा ध्यान दिनुपर्ने विषय र सामान्य त्रुटिहरूका बारेमा स्पष्ट पार्नुभएको थियो ।

यसैगरी, गृह मन्त्रालयका तर्फबाट आशिष शर्माले बीमकहरूले गर्नुपर्ने लक्षित वित्तीय कारवाही Targeted Financial Sanctions (TFS) सम्बन्धी प्रचलित मार्गदर्शनको पालना तथा TFS login प्रणालीको प्रभावकारी प्रयोगबारे प्रशिक्षण दिनुभएको थियो ।

उहाँले TFS कार्यान्वयनमा देखिएका चुनौती र तिनको समाधानका उपायहरूका बारेमा समेत जानकारी दिनुभएको थियो ।

कार्यक्रममा बीमा कम्पनीका कार्यान्वयन अधिकारी तथा सूचना प्रविधि शाखा प्रमुखहरूको सहभागिता रहेको थियो । कार्यक्रमको आयोजनाबाट बीमा कम्पनीका कार्यान्वयन अधिकारी र सूचना प्रविधि शाखा प्रमुखहरूको goAML तथा TFS Reporting सम्बन्धी ज्ञान, सीप र दक्षता अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## आन्तरिक कार्यमा डिजिटल प्रणालीको शुरूवात

नेपाल बीमा प्राधिकरणले बीमा क्षेत्रमा डिजिटल प्रणालीलाई परिस्कृत रूपमा अवलम्बन गर्न जोड दिँदै आएको छ ।

त्यसक्रममा प्राधिकरणले आन्तरिक कार्यमा डिजिटल प्रणाली अलम्बन गर्न शुरू गरेको छ ।

साथै, प्राधिकरणसँग पत्राचार गर्दा बीमा कम्पनीहरूले पनि डिजिटल प्रणाली मार्फत गर्नुपर्ने व्यवस्था लागू गर्न लागिएको छ ।

## सूचकाङ्कमा आधारित बीमा निर्देशिका, २०८२

नेपाल बीमा प्राधिकरणले सूचकाङ्कमा आधारित बीमा निर्देशिका, २०८२ जारी गरेको छ ।

जल तथा मौसम र प्राकृतिक विपद्का कारण व्यक्ति तथा सम्पत्तिमा उत्पन्न हुने जोखिमलाई सूचकाङ्कमा आधारित बीमाको माध्यमबाट रक्षावरण गरी बीमा व्यवसायलाई प्रवर्द्धन गर्न तथा दाबी भुक्तानी प्रक्रियालाई छिटो, छरितो, सहज तथा पारदर्शी बनाउन निर्देशिका जारी गरिएको हो ।

प्राधिकरणले जारी गरेको सूचकाङ्कमा आधारित बीमा निर्देशिका, २०८२ का विशेषताहरू :

(१) सूचकाङ्कमा आधारित बीमामार्फत जल तथा मौसम र प्राकृतिक विपद्बाट हुने जोखिमको रक्षावरण गरिने,

(२) बीमकले जल तथा मौसम र प्राकृतिक विपद्बाट हुने जोखिमको रक्षावरण हुने गरी सूचकाङ्कमा आधारित बीमालेख तयार गर्नुपर्ने,

(३) बीमकले बीमालेख तयार गर्दा भौगोलिक बनावट, लक्षित वर्ग, सूचकाङ्क मापन केन्द्रको अवस्थिति तथा प्रभाकारिता, बीमालेख लागू हुने क्षेत्र, पुनर्बीमा समर्थन र शुरूवाती तथा अन्तिम सूचकाङ्क सहितको दाबी भुक्तानी तालिका निर्धारण गर्दा अपनाएको आधार लगायतका विषयहरू समावेश गर्नुपर्ने,

(४) जल तथा मौसमका कारणले हुने जोखिम वा प्राकृतिक विपद्बाट हुने जोखिम वा ती ब जोखिम समावेश बीमालेख तयार गर्न सक्ने ।

(५) नेपाल बीमा प्राधिकरणबाट स्वीकृत भएको सूचकाङ्कमा आधारित बीमालेख मात्र जारी गर्नुपर्ने,

(६) सूचकाङ्क बीमाको अवधि बीमालेखमा उल्लेख भए अनुसार हुने,

(७) बीमकले पूरा बीमाशुल्क नलिई बीमालेख जारी गर्न नपाउने,

(८) बीमा गरिने वस्तुमा बीमितको बीमायोग्य हित कायम हुनुपर्ने,

(९) बीमकले बीमाङ्क रकम निर्धारण गर्दा सम्बन्धित वस्तु तथा सम्पत्तिका लागि सरकार, प्रदेश सरकार वा स्थानीय तहले निर्धारण गरेको मूल्यलाई आधार मानेर गर्नुपर्ने,

(१०) बीमालेख जारी भइसकेपछि बीमाङ्क रकम परिवर्तन गर्न नपाइने,

(११) बीमकले सूचकाङ्क बीमाको दाबी भुक्तानी गर्दा जल तथा मौसम मापन केन्द्रको तथ्याङ्कलाई आधार मान्नुपर्ने र केन्द्रबाट तथ्याङ्क प्राप्त भएको मितिले सात कार्यदिनभित्र दाबी भुक्तानी गरिसक्नुपर्ने,

(१२) जल तथा मौसम मापन केन्द्रले मापन गर्न सक्ने स्थानहरूमा मात्र सूचकाङ्कमा आधारित बीमा गर्न सकिने,

(१३) नेपाल बीमा प्राधिकारणबाट स्वीकृत बीमालेखमा अनुदान प्रदान गर्ने वा नगर्ने विषय सरकार, प्रदेश सरकार तथा स्थानीय तह वा अन्य निकायले निर्धारण गरे बमोजिम हुने ।

# बीमकको आन्तरिक लेखापरीक्षण निर्देशन संशोधन गरिने

नेपाल बीमा प्राधिकरणले बीमकको आन्तरिक लेखापरीक्षण निर्देशन, २०७९ को संशोधनका लागि आवश्यक प्रक्रिया अगाडि बढाएको छ ।

बीमकका आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा एकरूपमा कायम गर्न तथा प्रतिवेदनलाई समय सापेक्षा बनाउनका लागि निर्देशन संशोधन गर्न लागिएको हो ।

बीमकहरूले प्रत्येक त्रैमास समाप्त भएको मितिले ६० दिनभित्र आन्तरिक लेखापरीक्षण प्रतिवेदन नेपाल बीमा प्राधिकरणमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।

यसैबीच, बीमकहरूले त्रैमासिक रूपमा प्राधिकरणमा पेश गर्ने गरेका लेखापरीक्षण प्रतिवेदनमा देखिएका कैफियतहरूका सम्बन्धमा बीमकका प्रतिनिधिहरूसँग छलफल गरी आवश्यक निर्देशन समेत दिइएको छ ।

# बीमकको मुद्दती निक्षेपमा लगानीको एयरमार्क सम्बन्धी मार्गदर्शन, २०८१ को प्रथम संशोधन

नेपाल बीमा प्राधिकरणले बीमकको मुद्दती निक्षेपमा लगानीको एयरमार्क (Earmark) सम्बन्धी मार्गदर्शन, २०८१ को प्रथम संशोधन गरेको छ ।

संशोधिन मार्गदर्शनमा यसअघि रहेको बीमकको मुद्दती निक्षेप खाता खोलिएको सात कार्यदिनभित्र एयरमार्क प्रणालीमा ब्लक रिक्वेष्ट पेश गर्नुपर्नेछ भन्ने व्यवस्थालाई संशोधन गरी मुद्दती निक्षेप खाता खोलिएको १५ कार्यदिनभित्र एयरमार्क प्रणालीमा ब्लक रिक्वेष्ट पेश गर्नुपर्ने व्यवस्था कायम गरिएको छ ।

संशोधित व्यवस्था यही २०८२ साल चैत १ गतेदेखि लागू हुने गरी बीमकहरूलाई जानकारी गराइसकिएको छ ।

नेपाल बीमा प्राधिकरणबाट इजाजतपत्र प्राप्त बीमा कम्पनीहरूद्वारा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूको मुद्धती निक्षेपमा गरिने लगानीका सम्बन्धमा एकीकृत व्यवस्था गर्न तथा बीमा कम्पनीहरूद्वारा मुद्दती निक्षेपमा भएको लगानीको व्यवस्था सुनिश्चित गर्नका लागि प्राधिकरणले मार्गदर्शन लागू गरेको थियो ।

प्राधिकरणले मिति २०८२ साल माघ २७ गतेदेखि लागू गरेको संशोधन सहितको एयरमार्क सम्बन्धी मार्गदर्शनका विशेषताहरू :

(१) नेपाल बीमा प्राधिकरणले जारी गरेको लगानी निर्देशिकाद्वारा तोकिएका सीमाभित्र रहेर बीमकले अधिकेन्द्रित जोखिम (Concentration Risk) कम गर्नका लागि मुद्दती निक्षेपहरूमा आफ्नो लगानी विविधीकरण गर्नुपर्ने,

(२) बीमकले बीमितको दायित्व पूरा गर्न र संचालन खर्चहरू पूरा गर्न तरलता व्यवस्थापन रणनीति अपनाई पर्याप्त तरलता कायम गर्नुपर्ने,

(३) बीमकले आफ्नो मुद्दती निक्षेप लगानीको नियमित जोखिम मूल्याङ्कन गरी उक्त जोखिमहरूको न्यूनीकरण गर्न पर्याप्त जोखिम व्यवस्थापनका उपायहरू अवलम्बन गर्नुपर्ने,

(४) बीमकको मुद्दती निक्षेपमा भएका लगानीहरू नेपाल बीमा प्राधिकरणबाट जारी भएको प्रचलित लगानी निर्देशनद्वारा तोकिएको सीमाभित्र हुनुपर्ने,

(५) बीमकले आफ्ना वित्तीय विवरणहरूमा आफ्ना मुद्दती निक्षेप लगानीहरू उल्लेख गर्दा पारदर्शिता कायम गर्नुपर्ने र लगानी निर्देशन तथा वित्तीय विवरण सम्बन्धी निर्देशन बमोजिम प्राधिकरणलाई नियमित रूपमा जानकारी उपलब्ध गराउनुपर्ने,

(६) मुद्दती निक्षेपमा भएको लगानी बीमकको सम्पत्ति दायित्व व्यवस्थापन (ALM) नीति र रणनीतिसँग मिलेको हुनुपर्ने,

(७) एयरमार्क सम्बन्धी मार्गदर्शन बीमकहरूले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क' वर्ग, 'ख' वर्ग र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाहरूको मुद्दती निक्षेपमा गरेको लगानीमा लागू हुने,

(८) बीमकको मुद्दती निक्षेपमा भएको कूल लगानीको

समग्र सीमा प्राधिकरणद्वारा जारी गरिएको लगानी निर्देशन अन्तर्गत तोकिएको क्षेत्रगत सीमाभित्र हुनुपर्ने,

(९) बीमकको मुद्दती निक्षेपमा हुने प्रत्येक लगानी प्राधिकरणको पक्षमा ग्रहणाधिकार (Lien) गरिएको हुनुपर्ने र बीमकले मुद्दती निक्षेपमा गरिएको लगानी प्राधिकरणको नाममा ग्रहणाधिकार स्थापना गर्न तथा फुकुवा गर्न एयरमार्क प्रणाली प्रयोग गर्नुपर्ने,

(१०) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरूले बीमकहरूद्वारा पेश गरिएका र प्राधिकरणद्वारा प्रमाणित गरिएका मुद्दती निक्षेपहरू ब्लक तथा अनब्लक कार्यान्वयन गर्नका लागि एयरमार्क प्रणाली प्रयोग गर्नुपर्ने ।

## Comprehensive Offisite Report को मस्यौदा तयार

बीमा कम्पनीहरूको नियमनलाई थप प्रभावकारी बनाउने उद्देश्यले नेपाल बीमा प्राधिकरणको गैह्रस्थलगत शाखाले स्थलगत निरीक्षणका क्रममा देखिएका प्रमुख कैफियतहरू लगायतका विषयहरूको अध्ययन विश्लेषण गरी Comprehensive Offisite Report को मस्यौदा तयार गरेको छ ।

मस्यौदा तयार गर्दा बीमकहरूबाट त्रैमासिक रूपमा प्राप्त हुने आन्तरिक लेखापरीक्षण प्रतिवेदन, परिपालन प्रतिवेदन, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी प्रतिवेदनमा देखिएका कैफियत, बीमकको स्थलगत निरीक्षणका क्रममा देखिएका कैफियतहरूको अध्ययन विश्लेषण गरिएको जानकारी शाखाले दिएको छ ।

यसैगरी, प्राधिकरणबाट जारी नीति, नियम र निर्देशिकाको परिपालना, बीमकहरूको वित्तीय विवरण स्वीकृतका क्रममा देखिएका कैफियत र दिइएका शर्तहरूको पालना लगायतका विषयहरूमा समेत अध्ययन विश्लेषण गरी प्रतिवेदनको मस्यौदालाई अन्तिम रूप दिइएको शाखाले जनाएको छ ।

## लघुबीमा निर्देशन संशोधनको तयारी

नेपाल बीमा प्राधिकरणले लघुबीमा क्षेत्रको नियमन, सञ्चालन तथा कार्यान्वयनलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउने उद्देश्यले लघुबीमा निर्देशन, २०७९ लाई संशोधन एवम् परिमार्जन गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको छ ।

त्यसक्रममा बीमा ऐन, २०७९, बीमा नियमावली, २०८१ र विभिन्न निकायबाट प्राप्त राय सुझाव तथा अन्तर्राष्ट्रिय अभ्यास समेतका आधारमा लघुबीमा निर्देशन, २०८२ को संशोधन मस्यौदालाई अन्तिम रूप दिइएको छ ।

साथै, लघुबीमा क्षेत्रका तथ्याङ्कहरूको सङ्कलन एवम् विश्लेषणका साथ लघुबीमा सम्बन्धी अध्ययन तथा अनुसन्धानको कार्यलाई समेत अगाडि बढाइएको छ ।

## बीमा अभिकर्ता परीक्षा संचालन

नेपाल बीमा प्राधिकरणका केन्द्रीय कार्यालय तथा प्रदेश कार्यालयहरूबाट बीमा अभिकर्ता परीक्षा नियमित रूपमा संचालन हुँदै आएको छ । यस क्रममा यही २०८२ साल माघमा ३६ वटा र फागुनमा ३३ वटा गरी जम्मा ६९ वटा बीमा अभिकर्ता परीक्षा संचालन भएका छन् ।

बीमा अभिकर्ता परीक्षामा अनियमितता गर्ने १९ जना परीक्षार्थीलाई बीमा अभिकर्ता परिक्षा संचालन निर्देशिका, २०७९ बमोजिम कारवाही गरिएको छ ।

यसैगरी, नेपाल बीमा प्राधिकरणबाट बीमा अभिकर्ता सम्बन्धी निर्देशन, २०८२, बीमा सर्भेयर सम्बन्धी निर्देशन, २०८२ र तेस्रो पक्ष सहजकर्ता सम्बन्धी निर्देशन, २०८२ जारी गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।

बीमा अभिकर्ता सम्बन्धी निर्देशन, २०८२, बीमा सर्भेयर सम्बन्धी निर्देशन, २०८२ र तेस्रो पक्ष सहजकर्ता सम्बन्धी निर्देशन, २०८२ का छुट्टाछुट्टै मस्यौदाहरूलाई प्राधिकरणले अन्तिम रूप दिइसकेको छ । हाल ती निर्देशनहरू स्वीकृतिको चरणमा रहेका छन् ।

# प्रदेशस्तरीय निबन्ध प्रतियोगिता

नेपाल बीमा प्राधिकरणका प्रदेश कार्यालयहरूले 'ग्रामीण अर्थतन्त्रको सुदृढीकरणमा बीमाको भूमिका' विषयक निबन्ध प्रतियोगिता संचालन गर्ने भएका छन् ।

बीमा सचेतना अभिवृद्धि तथा बीमा प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गर्न लागिएको निबन्ध प्रतियोगितामा भाग लिन विश्वविद्यालय वा कलेजमा स्नातक तहमा अध्ययनरत रहेको हुनपर्ने व्यवस्था रहेको छ ।

निबन्ध प्रतियोगितामा भाग लिनका लागि आगामी चैत २७ गतेभित्र सम्बन्धित प्रदेश कार्यालयमा निबन्ध बुझाउनु पर्नेछ । निबन्ध अङ्ग्रेजी वा नेपाली भाषामा निबन्ध लेख्न सकिने र निबन्ध बढीमा १५०० शब्दको निबन्ध हुनुपर्नेछ ।

प्रतियोगितामा उत्कृष्ट चयन हुने तीनवटा निबन्धलाई पुरस्कृत गरिनेछ । जसअनुसार, प्रथम हुनेलाई रू. १५,०००/-, द्वितीय हुनेलाई रू. १०,०००/- र तृतीय हुनेलाई रू. ५,०००/- पुरस्कार प्रदान गरिनेछ ।

प्राधिकरणबाट यसअघि संचालन गरिएका निबन्ध प्रतियोगितामा विजयी भएका प्रतियोगीहरूले भने यस प्रतियोगितामा सहभागी हुन नपाउने व्यवस्था गरिएको छ ।

# न्यायिक क्षेत्रको प्रतिनिधिसँग बीमा सम्बन्धमा छलफल:

नेपाल बीमा प्राधिकरणको सहजीकरण एवम् न्याय क्षेत्रको आयोजनामा बीमा सम्बन्धमा छलफल कार्यक्रम सम्पन्न भएको छ । यही मिति २०८२ फाल्गुन १६ गते स्क्वायर होटेल, ललितपुरमा सो कार्यक्रम सम्पन्न भएको हो । सो कार्यक्रम उच्च अदालत पाटनको मुख्य न्यायधीश माननीय लाल बहादुर कुँवरज्यूको अध्यक्षतामा र नेपाल बीमा प्राधिकरणको अध्यक्ष श्री चन्द्र कला पौडेलज्यू प्रमुख अतिथ्यता भएको थियो । सो कार्यक्रममा न्यायिक क्षेत्रको प्रतिनिधी एवम् प्राधिकरणका संचालक समिति सदस्य श्री गणेश राज पाण्डेयज्यू, कार्यकारी निर्देशक श्री सुशील देव सुवेदीज्यू एवम् प्राधिकरणको कानुन शाखा प्रमुख श्री विरोध भट्टज्यू, उजुरी शाखा प्रमुख श्री रन्जिता के.सी.को साथै प्राधिकरणको कानुन एवम् उजुरी शाखामा कार्यरत कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रम अध्यक्ष एवम् पाटन उच्च अदालतका मुख्य न्यायधीश माननीय माननीय लाल बहादुर कुँवरज्यूले



बीमा प्राधिकरणको प्राथमिक अदालत भएको र बीमा टेक्नीकल विषय भएकोले प्राधिकरणसँग सहकार्यमा काम गर्न न्यायिक क्षेत्र तयार रहेको जानकारी दिनु भएको थियो । साथै, बीमित हित रक्षाका लागि प्राधिकरणको काम सह्रानीय रहेको धारणा व्यक्त गर्नु भएको थियो । कार्यक्रममा प्राधिकरणका संचालक समिति सदस्य श्री गणेश राज पाण्डेयज्यूले कार्यक्रमको महत्व सम्बन्धमा प्रकाश पार्नु भएको थियो र यस्ता कार्यक्रमहरू समय समयमा आवश्यक रहेको धारणा व्यक्त गर्नु भएको थियो । त्यस्तै, प्राधिकरणका कार्यकारी निर्देशक श्री सुशील देव सुवेदीज्यूले बीमित हित संरक्षणका लागि उच्च अदालत एवम् न्यायिक क्षेत्रसँग समन्वय एवम् सहकार्यमा काम गर्न प्राधिकरण सधैं तत्पर रहेको जानकारी दिनु भएको थियो ।

कार्यक्रममा 'नेपाल बीमा प्राधिकरण सम्बद्ध क्षेत्र र कार्य प्रक्रिया समन्बन्धी कार्य पत्र' प्रस्तुत प्राधिकरणका उजुरी शाखा प्रमुख श्री रन्जिता के.सी.ज्यूले गर्नु भएको थियो भने अर्को 'बीमाका सिद्धान्त एवम् अन्तर्राष्ट्रिय अभ्यास सम्बन्धी कार्य पत्र' प्राधिकरणको कानुन शाखा प्रमुख श्री विरोध भट्टज्यूले गर्नु भएको थियो ।



बीमितले आफ्नो व्यवसाय, आर्थिक क्षमता र जोखिमको अवस्था मूल्याङ्कन गरेर मात्र उपयुक्त बीमालेख छनोट गर्नुपर्दछ । बीमा गर्दा दीर्घकालसम्म निरन्तरता दिन सकिने र आफ्नो बजेटले धान्ने खालको योजनालाई प्राथमिकता दिनु बुद्धिमानी हुन्छ ।

बीमा गर्नुअघि बीमाको किस्ता रकम, नवीकरण गर्ने मिति, हकवालाको नाम र बीमाले के-के कुरा रक्षावरण गर्छ भन्नेबारे राम्रोसँग जानकारी लिनुपर्छ । साथै, बीमाशुल्क बुझाएपछि अनिवार्य रूपमा रसिद र आफ्नो सक्कल बीमालेख (Original Policy) लिन बिर्सनु हुँदैन ।

नेपाल बीमा प्राधिकरणका प्रदेश कार्यालयका गतिविधि

# कोशी प्रदेश कार्यालय

## बैंक तथा वित्तीय संस्थाहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया



नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीका साथमा कार्यक्रममा सहभागीहरू ।

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८२ साल फागुन ८ गते विराटनगरमा बैंक तथा वित्तीय संस्थाहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बैंक र बीमा कम्पनीबीचको अन्तरसम्बन्धलाई स्पष्ट गर्ने, बैंक र बीमा सम्बन्धी कानूनी एवम् नीतिगत व्यवस्थाको समीक्षा गरी वर्तमान अवस्थाको मूल्याङ्कन गर्ने र आगामी दिनमा बैंक तथा बीमा क्षेत्रमा उत्पन्न हुन सक्ने जोखिम र त्यसलाई सम्बोधन गर्न अपनाइने सुरक्षात्मक उपायहरूको पहिचान गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले बीमा क्षेत्रको पारदर्शिता, उत्तरदायित्व र प्रभावकारी सेवा प्रवाहमा बैंक तथा बीमा क्षेत्रबीचको सहकार्य अपरिहार्य रहेको बताउनुभयो ।

कार्यकारी निर्देशक सुवेदीले बैंक तथा वित्तीय संस्थाहरूसँग आयोजित यस किसिमको कार्यक्रमले बीमा क्षेत्रका प्रत्यक्ष सरोकारवाहरूबीच देखिएका समस्या समाधानका लागि पूलको भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक ध्रुब तिमल्सिनाले बैंकमार्फत प्रवाह गरिएका कर्जामा सुरक्षा बीमाको बीमाङ्क पर्याप्त नहुनु गम्भीर जोखिमको विषय भएकाले त्यसलाई रोक्न बैंक र बीमा कम्पनीबीच स्पष्ट जोखिम मूल्याङ्कन र ऋणको भाग मात्र नभई सम्पत्तिको पुरै बीमा रकम सुनिश्चित गर्नु आवश्यक भएको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक शाम्भराज लामिछानेले निर्जीवन बीमामा दावी ढिलो भुक्तानी हुँदा बैंकको कर्जा जोखिम र ग्राहक विश्वासमा असर पर्ने भएकाले प्राधिकरणले दावी म्याद तय गरेको र दाबी त्वबअपष्लन प्रणालीको उपयोगलाई समेत अनिवार्य गरेको जानकारी दिनुभयो ।

कार्यक्रममा बैंक र बीमाबीचको सम्बन्ध, वित्तीय समावेशीकरण, प्रिमियम सङ्कलन र बीमालेख जारी, कर्जासँग सम्बन्धित अनिवार्य प्रावधान, जोखिम संरक्षणमार्फत वित्तीय समावेशीकरण, उपभोक्ता संरक्षण,

प्रोपोजल तथा बीमा कम्पनीहरूले सुपरीवेक्षण, मूल्य निर्धारण र पोर्टफोलियो व्यवस्थापनमा भोग्दै आएका चुनौती लगायतका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख प्रीति देवले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकको विराटनगरस्थित प्रादेशिक कार्यालयका उपनिर्देशक दिल बहादुर सुब्बा, कोशी प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका प्रदेश कार्यालय प्रमुख र जीवन, निर्जीवन, लघु जीवन तथा लघु निर्जीवन बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो ।

# बीमकका प्रदेश कार्यालयका प्रमुखहरूसँग अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजना यही २०८२ साल फागुन ८ गते विराटनगरमा कोशी प्रदेशस्थित बीमकका प्रदेश कार्यालयका प्रमुखहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

जीवन बीमा व्यवसायमा बीमालेख सरेण्डर तथा व्यतितको रोकथामका उपाय, निर्जीवन बीमा व्यवसायमा क्षति मूल्याङ्कन तथा बीमा दाबीको विद्यमान अवस्था र लघुबीमाको दायरा लगायतका विषयमा छलफल गरी प्रदेशस्तरमा देखिएका बीमा सम्बन्धी समस्याहरूलाई सम्बोधन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले प्रदेश कार्यालयहरूको प्रभावकारिता बढाउन अधिकार प्रत्यायोजन, तथ्याङ्क उपलब्धता र केन्द्रीय तथा प्रदेश कार्यालयबीचको समन्वयलाई सुदृढ बनाउने दिशामा सुधारात्मक कदम चालिने बताउनुभयो ।

कार्यकारी निर्देशक सुवेदीले बीमा सम्बन्धी सेवाहरूलाई एकीकृत डिजिटल प्रणालीमार्फत संचालन गर्ने व्यवस्था विकास गरी सेवा प्रवाहलाई अझ छिटो, पारदर्शी र प्रभावकारी बनाउने कार्यलाई प्रोत्साहन गरिने जानकारी दिनुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमकका प्रादेशिक कार्यालयहरूमा कम अधिकार प्रत्यायोजन भएका कारण निर्णय गर्न कठिनाई भएको, केन्द्रीय कार्यालयबाट समयमा नै तथ्याङ्क उपलब्ध नहुने गरेको, प्रदेश कार्यालयलाई बेवास्ता गरेर केन्द्रीय कार्यालयबाट काम गर्ने प्रवृत्ति रहेको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख प्रीति देवले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक ध्रुव तिमिल्सिना तथा निर्देशक शाम्भ राज लामिछाने र कोशी प्रदेशस्थित बीमा कम्पनीका प्रदेश कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो ।



नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीका साथमा कार्यक्रममा सहभागीहरू ।

# बीमा मध्यस्थकर्ता (सर्भेयर) तथा निर्जीवन बीमकका प्रदेश प्रमुखसँग अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८२ साल फागुन ९ गते विराटनगरमा कोशी प्रदेशस्थित बीमा मध्यस्थकर्ता (सर्भेयर) तथा निर्जीवन बीमकका प्रदेश प्रमुखहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमलाई सम्बोध गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले बीमा क्षेत्रको पारदर्शिता, उत्तरदायित्व र प्रभावकारी सेवा प्रवाहका लागि सम्बद्ध सबैको सहकार्य आवश्यक रहेको बताउनुभयो ।

कार्यकारी निर्देशक सुवेदीले बीमा सर्भेयरलाई खटाइएको ६० दिनभित्र प्रतिवेदन पेश गर्नुपर्ने प्रावधानलाई अक्षरशः पालना गर्न निर्देशन दिनुहुँदै सर्भेयरले बीमितबाट आवश्यक कागजात पेश नभएमा वा सहयोग नपाएमा क्वालिफाइट रिपोर्ट भए पनि पेश गर्नुपर्ने बताउनुभयो । कार्यकारी निर्देशक सुवेदीले सर्भेयरको पारिश्रमिक दरका विषयमा बीमक र सर्भेयरका बीचमा पुलको भूमिका निर्वाह गर्न प्राधिकरण तयार रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख प्रीति देवले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक ध्रुब तिमिल्सिना तथा निर्देशक शाम्भ राज लामिछाने, नेपाल इन्स्योरेन्स प्रोफेशनल सोसाइटी, कोशीका अध्यक्ष खड्ग बहादुर श्रेष्ठ लगायत कोशी प्रदेशस्थित बीमा सर्भेयरहरूको सहभागिता रहेको थियो ।



नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीका साथमा कार्यक्रममा सहभागीहरू ।

### उदयपुर एक्स्पो, २०८२

## बीमा सम्बन्धी चेतनामूलक कार्यक्रम आयोजना

उद्योग वाणिज्य संघ, उदयपुरद्वारा यही २०८२ साल माघ २३ गते २७ गतेसम्म उदयपुरमा आयोजित उदयपुर एक्स्पो, २०८२ मा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयले बीमा सम्बन्धी स्टल राखी बीमा सम्बन्धी सचेतनामूक कार्यक्रम संचालन गरेको छ । त्यस अवसरमा बीमाले दिने सुरक्षा, बीमाका शर्त, बीमा गर्ने प्रक्रिया, बीमा दाबी भुक्तानी विधि लगायतका विषयमा सर्वसाधारणलाई जानकारी दिनुका साथै सो सम्बन्धी जानकारीमूलक सामग्रीहरू वितरण समेत गरिएको थियो ।

# मधेश प्रदेश कार्यालय

## Madhesh Literature Festival, 2026

## बीमा सम्बन्धी स्टलबाट बीमा सचेतना कार्यक्रम




नेपाल बीमा प्राधिकरणको लोगो अङ्कित कप प्रदान गरिँदै ।

मधेश प्रदेशको वीरगञ्जमा यही २०८२ साल माघ १५ देखि १७ गतेसम्म आयोजित Madhesh Literature Festival, 2026 मा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयले बीमा सम्बन्धी स्टल स्थापना गरी सर्वसाधारण र विद्यार्थीहरूलाई बीमा सम्बन्धी जानकारी प्रदान गरेको छ ।

त्यसक्रममा बीमा सम्बन्धी पुस्तिका, पर्चा र सूचना सामग्रीहरू वितरण गरिनुका साथै कार्यालयको सामाजिक सञ्जाल पेज फलो गराई प्रश्नोत्तर खेल समेत संचालन गरिएको थियो ।

साथै, प्रश्नोत्तरका क्रममा सही उत्तर दिनेहरूलाई पेन, डायरी र नेपाल बीमा प्राधिकरणको लोगो अङ्कित कप प्रदान गरिएको थियो ।

महोत्सवको छलफल सत्रमा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख आर्या रावलले बीमाको महत्त्व, आवश्यकता र बीमाले पुऱ्याउने योगदानका बारेमा प्रस्तुति गर्नुभएको थियो ।

## स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा यही २०८२ साल माघ १३ गते सप्तरी जिल्लाका कोइलाडी गाउँपालिका र माघ १४ गते डाक्नेश्वरी नगरपालिकासँग बीमा सम्बन्धी समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कोइलाडी गाउँपालिकामा भएको कार्यक्रममा उक्त गाउँपालिकाका वडा नम्बर ७ का वडाध्यक्ष हरिनारायण मण्डलले बीमा सम्बन्धी सबै विषयमा जानकारी प्राप्त गर्न कार्यक्रम महत्त्वपूर्ण रहेको बताउनुभयो ।

डाक्नेश्वरी नगरपालिकामा भएको कार्यक्रममा डाक्नेश्वरी नगरपालिकाका प्रमुख राम लखन मलाहले बीमाले विभिन्न किसिमका जोखिमको वित्तीय रक्षावरण गर्ने भएकाले सबैले बीमा गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

ती कार्यक्रममा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख आर्या रावलले बीमा सबैका लागि आवश्यक भएको चर्चा गर्नुहुँदै बीमाका बारेमा राम्रोसँग बुझेर मात्र बीमा गर्न आग्रह गर्नुभयो ।

ती कार्यक्रममा सहभागीहरूले निर्जीवन बीमा दाबी भुक्तानीमा धेरै समस्या रहेको, कृषि तथा पशुपन्छी बीमा प्रक्रिया झण्झटिलो रहेको, जीवन बीमा अभिकर्ताले झुट्ठा प्रलोभन देखाएर जीवन बीमा गराउने गरेको, बीमा कम्पनीका लापरवहीपूर्ण क्रियाकलाप नियन्त्रण गर्नु आवश्यक भएको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरू, व्यवसायी, कृषक, बीमा अभिकर्ता, बीमित र बीमा कम्पनीका प्रतिनिधिहरू लगायत सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

# गण्डकी प्रदेश कार्यालय

## बीमा सम्बन्धी सरोकारवालाहरूसँग अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयद्वारा यही २०८२ साल माघ तथा फागुन महिनामा विभिन्न कार्यक्रमहरू सम्पादन भएको थियो । २०८२ माघ ७ गते त्रिभुवन आदर्श माध्यामिक विद्यालय, स्याङ्जामा एवम् २०८२ फागुन २६ गतेका दिन सैनिक आवासीय महाविद्यालय, पोखरामा अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

यस्तै यसै प्रदेशको पर्वत जिल्ला अन्तर्गत पैयूँ गाउँपालिकामा २०८२ माघ ०८ गते तथा वालिङ नगरपालिका, स्याङ्जामा २०८२ माघ ०९ गते, पालुङ्टार नगरपालिका, बारपाक बहु-प्राविधिक शिक्षालयमा बीमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

बीमा सुरक्षालाई निरन्तरता दिन बीमालेखको अवधि समाप्त हुनु अगावै नवीकरण गर्नु पर्दछ । यसका साथै बीमितले बीमा सम्बन्धी प्रचलित नीति, नियम र आफ्ना अधिकारहरूका बारेमा समेत अद्यावधिक जानकारी राख्नु पर्दछ ।

# लुम्बिनी प्रदेश कार्यालय

## कृषि ज्ञान केन्द्र र भेटनरी अस्पतालसँग कृषि बीमा सम्बन्धी अन्तरक्रिया




कार्यक्रममा अतिथिहरूलाई सम्भनाको चिनो प्रदान गरिँदै ।

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा यही २०८२ साल फागुन ४ गते बाँके जिल्लास्थित कृषि ज्ञान केन्द्र र भेटनरी अस्पतालसँग कृषि बीमा प्रिमियम अनुदान कार्यविधि तथा कृषि बीमाको विद्यमान अवस्था सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कृषि बीमा तथा पशु बीमा प्रिमियम अनुदान सिफारिश कार्यविधिका बारेमा जानकारी दिने, कृषि बीमा सम्बन्धी गुनासा तथा सुझावहरू सङ्कलन गर्ने र बीमा सम्बन्धी समग्र विषयमा जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा प्रमुख अतिथि कृषि ज्ञान केन्द्रका विनोद घिमिरेले कृषि बीमालाई सार्थक रूपले अगाडि बढाउनका लागि यसमा देखिएका कमी कमजोरीहरूलाई सुधार गर्दै जानुपर्ने बताउनुभयो ।

भेटनरी अस्पतालकाका प्रमुख गणेश बहादुर पुनले कृषि बीमाप्रतिको विश्वसनीय अभिवृद्धिका लागि नियमनको दायरा बढाउनुपर्ने र बीमक, बीमित तथा कृषकलाई कृषि बीमाका नीतिगत विषयमा जानकारी दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका प्रमुख जमुना अर्यालले कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिँदै कृषि बीमामा देखिएका समस्याहरू क्रमिक रूपमा समाधान हुँदै जाने बताउनुभयो ।

कार्यक्रममा कृषि ज्ञान केन्द्र र भेटनरी अस्पतालका तर्फबाट कृषि बीमा अनुदान कार्यविधिलाई थप स्पष्ट गर्न पहल गर्नुपर्ने र कार्यबोझ अनुसार थप जनशक्तिको व्यवस्था गर्नुपर्ने उल्लेख गर्दै अनुदान लिनका लागि मात्र कृषि बीमा गर्ने प्रवृत्ति रहेको, बिक्री भइसकेका पशुधनको हकमा कसरी सिफारिश दिने भन्ने समस्या रहेको र बीमालेख नामसारी नहुने गरेको अवस्थामा दाबी पर्दा भुक्तानी सिफाशि गर्न अप्ठेरो परेको लगायतका धारणा राख्नुभएको थियो ।

यसैगरी, बीमा कम्पनीका प्रतिनिधि, कृषि प्राविधिक र

कृषि बीमा अभिकर्ताहरूले सामान्य कृषकलाई बृष्कि क्यातधबचभ संचालन गर्न कठिन भएको, फारममा धेरै विषयवस्तु खुलाउनुपर्ने हुँदा समय धेरै लाग्ने गरेको, कृषि ज्ञान केन्द्र र भेटनरी अस्पतालबाट सिफारिश लिन कठिन भएको, अनुदान आउँछ भनेर उधारोमा बीमा गर्ने तर सिफारिश नआउने समस्या रहेको र बीमा कम्पनीहरूले पशु प्राविधिक तथा अभिकर्ताको पारिश्रमिक समयमा भुक्तान नगरेको लगायतका गुनासाहरू गर्नुभएको थियो ।

कार्यक्रममा बाँके जिल्लास्थित कृषि ज्ञान केन्द्र र भेटनरी अस्पतालका कर्मचारी, बीमा कम्पनीका शाखा तथा उपशाखा कार्यालयका प्रमुख, कृषक, कृषि बीमा अभिकर्ता र कृषि प्राविधिकहरू लगायतको सहभागिता रहेको थियो ।

# कर्णाली प्रदेश कार्यालय

## पत्रकारहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजना यही २०८२ सा माघ १३ गते सुर्खेतमा कर्णाली प्रदेशस्थित विभिन्न संचार माध्यममा क्रियाशील पत्रकारहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख निलप्रसाद लामिछानेले भौगोलिक रूपमा विकट र आर्थिक रूपमा पछाडि परेको कर्णाली प्रदेशका जनताको जीवनस्तर सुधार गर्न बीमा एक सशक्त माध्यम भएको बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमा दाबी प्रक्रिया झन्झटिलो रहेको, कृषकले स्याउ खेती बीमाको दाबी भुक्तानी नपाएको, कोरोना बीमाको दाबी भुक्तानी नपाएको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा कर्णाली प्रदेशस्थित विभिन्न संचार माध्यममा आवद्ध आर्थिक पत्रकार, खोज पत्रकार, रेडियो पत्रकार र अनलाइन संचार माध्यमका पत्रकारहरूको सहभागिता रहेको थियो ।

## बीमा अभिकर्ताहरूसँग अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा यही माघ १३ गते सुर्खेतमा जीवन बीमा तथा लघु जीवन बीमा अभिकर्ताहरूसँग छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख निलप्रसाद लामिछानेले बीमा ऐन, नियम र निर्देशन बमोजिम व्यवसाय गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमा व्यवसायमा स्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना गर्नुपर्ने, बीमा व्यवसायमा देखापर्ने जोखिमका बारेमा जानकारी गराउनुपर्ने, बीमा अभिकर्ताका लागि तालिम आयोजना गर्नुपर्ने, बीमामा हुने जालसाजी तथा ठगी नियन्त्रणका लागि भएका कानूनी व्यवस्थाका बारेमा जानकारी गराउनुपर्ने लगायतका विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा कर्णाली प्रदेशस्थित बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुख र जीवन बीमा अभिकर्ता तथा निर्जीवन बीमा अभिकर्ताहरू लगायतको सहभागिता रहेको थियो ।

## बीमकका प्रदेश तथा शाखा कार्यालय प्रमुखहरूसँग अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा यही २०८२ साल माघ १४ गते सुर्खेतमा कर्णाली प्रदेशस्थित बीमकका प्रदेश तथा शाखा कार्यालयका प्रमुखहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा कर्णाली प्रदेशमा बीमा व्यवसायको विद्यमान अवस्था, दाबी भुक्तानी स्थिति, जेन-जी आन्दोलनका क्रममा भएको क्षतिका कारण बीमा क्षेत्रमा परेको प्रभाव र के.वाई.सी. अद्यावधिकको वर्तमान अवस्था लगायतका विषयमा छलफल भएको थियो ।

त्यस अवसरमा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख निलप्रसाद लामिछानेले बीमा दाबी भुक्तानीलाई सहज र व्यवस्थित बनाउन बीमा कम्पनीहरूलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमकका प्रदेश तथा शाखा कार्यालयमा कर्मचारीको कमीका कारण सेवा प्रवाह समस्या देखिएको, संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रम र बीमा सचेतना कार्यक्रम संचालन गर्न केन्द्रबाट अपेक्षित सहयोग नपाएको लगायतका गुनासाहरू गर्नुभएको थियो ।

कार्यक्रममा कर्णाली प्रदेशस्थित बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो ।

## स्थानीय तहसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा यही २०८२ साल माघमा कालिकोट जिल्लाका रास्कोट नगरपालिका, पचालझरना गाउँपालिका तथा पलाँता गाउँपालिका र फागुनमा सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिकासँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

रास्कोट नगरपालिकासँग माघ २६ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि रास्कोट नगरपालिकाका प्रमुख धर्मराज शाहीले बाढी, पहिरो, भूकम्प लगायतका प्राकृतिक विपद्बाट हुने क्षतिबाट आर्थिक सुरक्षा प्रदान गर्ने उद्देश्यले नगरपालिकाभित्रका सबै घरधुरीको नि:शुल्क बीमा गरिएको जानकारी दिनुभयो ।

प्रमुख शाहीले जटिल भौगोलिक अवस्थाका कारण उच्च जोखिममा रहेका नागरिकहरूको जोखिम व्यवस्थापन र सम्भावित आर्थिक क्षतिपूर्ति सुनिश्चित गर्नका लागि बीमालाई प्रवर्द्धन गर्न आगामी दिन नयाँ योजना ल्याउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

पचालझरना गाउँपालिकासँग माघ २७ गते भएको कार्यक्रममा प्रमुख अतिथि पचालझरना गाउँपालिकाका अध्यक्ष देवराज शाहीले दुर्गम क्षेत्र र न्यून आय भएका नागरिकसम्म बीमाको पहूँच पुगेमा मात्र बीमाका कार्यक्रमहरू सार्थक हुने विचार व्यक्त गर्नुभयो ।

पलाँता गाउँपालिकासँग माघ २८ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि पलाँता गाउँपालिकाका उपाध्यक्ष अलपुरा जैसीले कार्यक्रमबाट बीमाका बारेमा विस्तृत रूपमा जानकारी पाएको बताउनुभयो ।

वीरेन्द्रनगर नगरपालिकासँग फागुन २८ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि वीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकालले सरकारको क्षतिको क्षतिपूर्ति दिनेभन्दा पनि बीमा मार्फत क्षतिपूर्ति सुनिश्चित हुने प्रणालीलाई सुदृढ बनाउन प्रोत्साहन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

ती कार्यक्रमहरूमा उठेका प्रश्नहरूको जवाफ दिँदै नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख निलप्रसाद लामिछानेले बीमा क्षेत्रको नियमनसँगसँगै बीमा सचेतना अभिवृद्धि र बीमा सेवा विस्तारमा प्राधिकरणले जोड दिँदै आएको बताउनुभयो ।

कार्यक्रमहरूमा सहभागीहरूले बीमा दाबी भुक्तानी पाउन कठिनाई व्यहोर्नु परेको, बीमा प्रक्रिया झन्झटिलो रहेको, बीमा कम्पनीले कृषि बीमा गर्न जाँगर नदेखाएको, कृषि बीमामा समस्या रहेको, क्षति मूल्याङ्कनकर्ताको कमी रहेको, बीमा कम्पनीहरू सदरमुकाम केन्द्रित रहेको, ग्रामीण क्षेत्रमा बीमाको पहुँच नपुगेको लगायतका धारणा राख्नुभएको थियो ।

ती कार्यक्रममा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, शिक्षक, अगुवा कृषक, कृषि प्राविधिक, र बीमा कम्पनीका प्रतिनिधिहरू लगायतको सहभागिता रहेको थियो ।

## विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा यही २०८२ साल फागुन २९ गते सुर्खेत बहुमुखी क्याम्पसका विद्यार्थीहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख निलप्रसाद लामिछानेले बीमाको परिचय, बीमाका प्रकार, बीमाको महत्त्व, बीमा गर्ने विधि, दावी भुक्तानी प्रक्रिया र बीमालेख तथा बीमादर सम्बन्धी विषयमा प्रस्तुति गर्नुभएको थियो ।

कार्यक्रममा सहभागी शिक्षक तथा विद्यार्थीहरूले घर बीमा, दुर्घटना बीमा, स्वास्थ्य बीमा र बीमामा आवद्ध हुने प्रक्रिया लगायतका विषयमा जिज्ञासा राख्नुभएको थियो ।

# सुदूरपश्चिम प्रदेश कार्यालय

## कृषि बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा यही २०८२ साल माघ ८ गते कञ्चनपुरमा कृषि बीमा सम्बन्धी प्रवर्द्धनात्मक छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कञ्चनपुरस्थित कृषि ज्ञान केन्द्र, भेटेनरी अस्पताल र पशु विज्ञ केन्द्रको समन्वयमा कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा प्रमुख अतिथि कृषि ज्ञान केन्द्र, कञ्चनपुरका प्रमुख हरि प्रसाद पनेरुले कृषि बीमामा सुदूरपश्चिम प्रदेश निकै पछाडि रहेको उल्लेख गर्दै कृषि बीमा देखिएका समस्याहरूलाई नीतिगत रूपमा नै सम्बोधन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

भेटेनरी अस्पताल तथा पशु विज्ञ केन्द्रका निमित्त प्रमुखले बीमितले क्षतिका बारेमा बीमकलाई तोकिएको समयमा जानकारी दिन नसक्दा दाबी भुक्तानीमा समस्या हुने गरेको उल्लेख गर्दै प्राविधिकहरूले कृषकहरूलाई उचित सल्लाह दिएमा कृषि तथा पशुन्छी बीमा सहज हुने बताउनभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख केदारनाथ भट्टले कृषि बीमा सम्बन्धी समग्र विषयमा प्रस्तुति गर्नुभएको थियो ।

कार्यक्रममा विभिन्न पालिकाका कृषि तथा पशुपन्छी विकास शाखाका प्रमुख, कृषि ज्ञान केन्द्र, भेटेनरी अस्पताल र पशु विज्ञ केन्द्रका कर्मचारी, बीमा कम्पनीका शाखा प्रमुख, कृषकहरू लगायतको सहभागिता रहेको थियो ।

# सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अन्तरक्रिया




कार्यक्रममा सहभागीहरू ।

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा यही २०८२ साल माघ १० गते धनगढीमा बीमा क्षेत्रमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा नेपाल बीमा प्राधिकरणका सम्पत्ति शुद्धीकरण निवारण शाखाका प्रमुख पदम प्रसाद सोडारीले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी प्रस्तुति गर्नुहुँदै बीमा क्षेत्रमा सम्पत्ति शुद्धीकरण निवारणका लागि जोखिम मूल्याङ्कनलाई प्राथमिकतामा राखी सम्पत्ति शुद्धीकरण सम्बन्धी प्रतिवेदन प्रणालीलाई प्रभावकारी बताउनुपर्ने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख केदारनाथ भट्टले प्राधिकरणले जारी गरेको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी निर्देशन पूर्णरूपमा पालना गर्न बीमकका प्रदेश तथा शाखा कार्यालयहरूलाई निर्देशन दिनुभयो । कार्यक्रममा इन्स्योरेन्स इन्स्टिच्युट अफ नेपालका प्रमुख कार्यकारी अधिकृत डा. लक्ष्मीकान्त पौडेल, सुदरपश्चिम प्रदेशस्थित नेपाल इन्स्योरेन्स प्रोफेसनल्स सोसाइटीका पदाधिकारी र बीमा कम्पनीका प्रदेश कार्यालयका प्रमुखहरू लगायत अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजना यही २०८२ साल माघ १५ गते धनगढीमा सुदूरपश्चिम प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग कृषि बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा प्रमुख अतिथि सुदूरपश्चिम प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री बीर बहादुर थापाले कृषि बीमाविना कुनै पनि प्रकारका अनुदान उपलब्ध नगराउने प्रदेश सरकारको नीति रहेको जानकारी दिनुहुँदै कृषि बीमा सम्बन्धी प्राविधिक तथा संरचनागत समस्याहरू नेपाल बीमा प्राधिकरणले नै समाधान गर्नुपर्ने बताउनुभयो ।

सुदूरपश्चिम प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव शंकर शाहले कृषि बीमा सम्बन्धी विद्यमान व्यवस्थामा सुधार गर्दै सामुदायिक बीमा प्रणालीको विकास र अनलाइन बीमाको प्रवर्द्धन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख केदार नाथ भट्टले कृषि बीमा सम्बन्धी समग्र विषयमा प्रस्तुति गर्नुभएको थियो ।



कार्यक्रममा सहभागीहरू ।

कार्यक्रममा सुदूरपश्चिम प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका पदाधिकारी, कृषि ज्ञान केन्द्र, भेटनरी अस्पताल र पशु सेवा केन्द्रका प्रमुख तथा कर्मचारीहरू तथा बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो ।

## आर्थिक पत्रकारहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा यही २०८२ साल माघ २२ गते धनगढीमा आर्थिक पत्रकारहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख केदार नाथ भट्टले बीमाको परिचय, महत्त्व, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया र सुदूरपश्चिम प्रदेशमा बीमाको विद्यमान अवस्था लगायतका विषयमा प्रस्तुति गर्नुभएको थियो ।

नेपाल पत्रकार महासंघ, सुदूरपश्चिम प्रदेश समितिका अध्यक्ष भरत शाहले जोखिम व्यवस्थापनका लागि सबै नागरिकले बीमा गर्नुपर्छ भन्ने सन्देश प्रवाह गर्नका पत्रकारहरूले सक्रिय सहयोग गर्ने बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले जीवन बीमातर्फ बीमालेख जबरजस्ती बेच्ने प्रवृत्ति रहेको, बीमा प्रक्रिया जटिल रहेको, बीमा साक्षरताको कमी रहेको, बीमालेख नबुझी बीमा गर्ने प्रवृत्ति रहेको, अनलाइन दाबी भुक्तानी प्रक्रिया प्रभावकारी नभएको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा सुदूरपश्चिम प्रदेशमा कार्यरत विभिन्न संचार माध्यमका आर्थिक पत्रकारहरूको सहभागिता रहेको थियो ।



कार्यक्रममा सहभागीहरू ।